# पुतलीबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा

## विनियोजन विधेयक २०८०

**मिति : २०८०/०३/०७**

# पुतलीबजार नगरपालिकाको
# विनियोजन विधेयक २०८०

पुतलीबजार नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषवाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विनियोजन विधेयक २०८०

**सभामा पेश गरेको मितिः २०८०/०३/०७**

**प्रस्तावनाः**

पुतलीबजार नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषवाट केही रकम विनियोजन गर्ने र खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उप धारा २ बमोजिम नगर सभामा यो विधेयक पेश भएको छ ।

**क)** संक्षिप्त नाम र प्रारम्भः यस ऐनको नाम पुतलीबजार नगरपालिकाको विनियोजन ऐन २०८० रहेको छ ।

**ख)** यो विधेयक २०८० साल श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

**ग)** आर्थिक वर्ष २०८०/८१ को निमित्त सञ्चित कोषवाट खर्च गर्ने अधिकारः आर्थिक वर्ष २०८०/ ८१ मा नगरपालिका वडा समिति विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि आन्तरिक आय, जन सहभागिताको रकम, नेपाल सरकार तथा प्रदेश सरकावाट प्राप्त अन्तर सरकारी वित्तीय हस्तान्तरण, राजश्व वाँडफाँड, सशर्त अनुदान, समपुरक अनुदान, विशेष अनुदान र सामाजिक सुरक्षा वाट प्राप्त हुने रकमवाट अनूसूचीमा उल्लेखित चालु खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रु १,४०,२३,७१०००। अक्षेरुपी १ अरव ४० करोड २३ लाख ७१ हजार रुपैयाँ सञ्चित कोषवाट खर्च गर्न सकिनेछ ।

**घ)** नगरपालिकाको सञ्चितकोषमा आर्थिक वर्ष २०७९/८० मा खर्च नभई वाँकी रहेको रकम नगरपालिकाको विभिन्न श्रोतवाट प्राप्त हुने आन्तरिक आयको रकम जनसहभागितावाट थप हुने रकम नेपाल सरकार प्रदेश सरकार तथा विभिन्न निकायवाट सञ्चितकोषमा थप रकम प्राप्त भएमा सशर्त भए शर्त अनुसार र निशर्त भए कार्यपालिकाको निर्णय र नगर सभावाट निर्णय एवं अनुमोदन गर्ने गरी नियमित भएको मानि विनियोजन भएको मानिनेछ ।

**ङ)** विनियोजनः

१. यस विनियोजन ऐनद्वारा सञ्चित कोषवाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/८१ मा पुतलीबजार नगरपालिकाको नगर कार्यपालिका वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिएकोछ ।

२. उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै शिषर्कमा बचत हुने र कुनै शिर्षकमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शिर्षकवाट अपुग हुने शिर्षकमा रकम रकमान्तर गर्न सक्नेछ ।

यसरी रकम रकमान्तर गर्दा एक शिर्षकवाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नवढ्ने गरी कुनै एक वा एक भन्दा वढी शिर्षकहरुवाट अर्को एक वा एक भन्दा वढी शिर्षकहरुमा रकमान्तर गर्न निकासा र खर्च जनाउन सक्नेछ । तर पूँजिगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षक वाहेक अन्य चालु खर्च शिर्षक तर्फ रकमान्तर गर्न सकिने छैन । चालु तथा पूँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतवाट अर्को श्रोतमा रकम सार्न भने सकिनेछ ।

३. उपदफा २ मा जे  सुकै कुरा लेखिएको भएतापनि एक शिर्षकवाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा नगरसभाको स्वीकृति लिनु पर्नेछ ।

चालु खर्च तथा पूँजिगत खर्चको वाँडफाड अनूसूचिमा व्यवस्था भए बमोजिम खर्च गर्न स्वीकृति दिईएको छ । साथै कुनै शिर्षकहरु तथा कार्यक्रममा रहेको रकम विविधीकरण गर्नुपर्ने भएमा वा सम्वन्धित शिर्षककै योजनामा वाँडवाँड गर्नुपर्ने भए कार्यालयस्तर, नगरप्रमुखस्तर तथा कार्यपालिकास्तरको निर्णयवाट कार्यक्रम कार्ययोजना तयार गरी वाँडफाँड गरी खर्च गर्न स्वीकृति प्रदानगरिएको छ ।

**..........समाप्त ........**